नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(योजना अनुगमन तथा मूल्यांकन महाशाखा)

नीति, योजना तथा कार्यक्रम शाखा

पत्र संख्या: ३.१/नी.यो./२०७९/८०

च.नं. ८२/११८६

सिंहदरबार, काठमाडौं

मिति:२०७९/४/३१

विषय: प्रेस नोट पठाइएको सम्बन्धमा।

श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल ।
श्री नापी विभाग,मीनभवन ।
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल ।
श्री राष्ट्रिय भूमि आयोग, ताहाचल ।

प्रस्तुत विषयमा स्थानीय तहहरुबाट आफ्नो क्षेत्रभित्रको जग्गाको भू-उपयोग निर्धारण गर्ने सम्वन्धी विषयमा यस मन्त्रालयबाट जारी भएको प्रेस नोट यसै साथ संलग्न राखी पठाइएको छ ।उक्त प्रेस नोट तहाँको जानकारीको लागि साथै आ-आफ्नो विभाग/कार्यालयको website मा राखी प्रचार प्रसार कार्यमा आवश्यक सहयोग र सहजीकरण गरिदिनु हुन आदेशानुसार अनुरोध छ ।

(अनन्तराज लामिछाने)
शाखा अधिकृत

फोन: ४२११६६६, ४२११७९७, इमेल ठेगाना: planning@molcpa.gov.np, Website: www.molcpa.gov.np

## भूउपयोग क्षेत्र निर्धारण सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा जारी प्रेस नोट

कृषियोग्य जग्गाको संरक्षण, खण्डीकरण नियन्त्रण, चक्लाबन्दी कार्यक्रम मार्फत कृषि उत्पादन बृद्धि र खाद्यसुरक्षाको प्रत्याभूति, दीगो पूर्वाधार विकास, व्यवस्थित शहरीकरण र सुरक्षित आवास, प्राकृतिक श्रोत साधनको समुचित व्यवस्थापन, विपद जोखिम न्यूनीकरण लगायत उद्देश्य राखी नेपाल सरकारले भूउपयोग नीति २०७२ जारी गरेको छ।

सो नीति कार्यन्वयनका लागि सार्वभौम संसदवाट भूउपयोग ऐन २०७६ र नेपाल सरकारवाट भूउपयोग नियमावली २०७९ लागू भैसकेको सबैमा विदितै छ।उक्त नीति, ऐन तथा नियममा स्थानीय तहलाई भूमिको वर्गिकरण, भूउपयोग योजना तर्जुमा र कार्यान्वियन गर्ने अधिकार तोकिएका छन।नियमावलीको अनुसूची १ मा भूउपयोग क्षेत्र निर्धारण गर्ने आधारहरु र मापदण्डको व्यवस्था समेत गरिएको छ। यी नीति र कानून कार्यन्वयनमा तत्काल सहजीकरण गर्न भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट मिति २०७९/०२/२७ गते परिपत्र जारी भएको छ। सो परिपत्र अनुसार प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रको जग्गालाई २०७९।८।२३ गते भित्र कम्तीमा कृषि क्षेत्र र गैर कृषि क्षेत्रमा छुट्ट्याउनु पर्ने व्यवस्था गरिएको छ। यस कार्यमा सहजीकरण गर्न विभिन्न सरोकारवाला निकायहरूको भूमिका सहितको मार्गदर्शन समेत मन्त्रालयले जारी गरिसकेको छ।

यस सन्दर्भमा केही समय यता केही स्थानीय तहहरुले आफ्नो कार्य क्षेत्रभित्रको जग्गालाई ऐन, नियम वा परिपत्रमा उल्लेख गरिएको भन्दा फरक ढंगवाट वर्ग छुट्टयाउने वा कुनै पनि वर्गमा नछुट्टयाउने वा जग्गाधनीलाई स्वघोषणा गर्न लगाउने वा सवैलाई एकमुष्ट कृषि वा वसोवास क्षेत्रमा राख्ने जस्ता कार्य भैरहेको बुझिएकोले यस विषयप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। उक्त कार्य प्रचलित कानूनी व्यवस्थाको मर्म र भावना अनुरूप नभएकोले त्यस्तो कार्य नगर्न नगराउन हुन सम्बन्धित सवैमा अनुरोध गरिएको छ।

स्थानीय तहहरूले प्रचलित नीति, ऐन तथा नियमावली र मन्त्रालयवाट जारी परिपत्रको भावना र मर्म आत्मसात हुने गरी तत्कालकोलागि स्थानीय भूउपयोग परिषदवाट निर्णय गरी भूउपयोग क्षेत्र (मिति २०७९।८।२३ भित्र कम्तीमा कृषि क्षेत्र र गैर कृषि क्षेत्र) छुट्याउनु पर्ने हुन्छ र तत् पश्चात सम्बन्धित तहको भूउपयोग क्षेत्र वर्गीकरण, भूउपयोग योजना तर्जुमा र कार्यान्वियन सम्वन्धी कार्य गर्नुपर्ने हुन्छ।

नापी बिभागले ७५३ वटै स्थानीय तहको भूउपयोग नक्सा, सोको विद्युतीय अभिलेख वा तथ्याङ्क तयार गरी सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरिसकेको छ। स्थानीय तहद्वारा सो नक्सा तथा डाटाको प्रयोग गरी वा सो नक्सालाई अद्यावधिक गरी भूउपयोग क्षेत्र छुट्ट्याउन सकिनेछ। यसको लागी स्थानीय तहलाई प्राविधिक सहयोग आवश्यक भएमा नापी विभागमा सम्पर्क राख्न सकिनेछ। नापी बिभागले यस कार्यको लागि आवश्यक दक्ष प्राविधिक जनशक्तिको व्यवस्था गरि सकेको हुँदा विभागसँग आवश्यक सहकार्य र समन्वय गरी भूउपयोग क्षेत्र छुट्ट्याउने कार्य गर्न गराउन सम्बन्धित सवै पालिकाहरूको जानकारीको लागि अनुरोध गरिएको छ।

जनकराज जोशी
सहसचिव /प्रवक्ता

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# भूमि व्यवस्थापन तथा अभिलेख विभाग

(मालपोत तथा भूमिसुधार शाखा)


☎ महानिर्देशक: ५३२३०४९
☎ निर्देशक प्रशासन:- ५३२५९८२
☎ निर्देशक योजना:- ५३२६९८८
☎ क.प्र.शाखा:- ५३६६४९३
☎ आ.प्र.शाखा:- ५३६६४९३
☎ पिए Ext.:- ५३२००२८

बबरमहल, काठमाण्डौ
नेपाल ।


पत्र संख्या:- २०७९/०८०/ज.प्र.१६/१/१४८
चलानी नं.:- ४३३

मिति:-२०७९/०५/०२

४६६२
८१८

बिषय:- **प्रेश नोट पठाईएको सम्बन्धमा।**

प्रशासन / ब.क.अ. दिक्षा रिमालजी
Websideमा राख्ने र सबै पालिकामा इमेल पठाउने।
०७/५/१६

श्री भूमिसुधार तथा मालपोत कार्यालय, सबै ।
श्री मालपोत कार्यालय, सबै।

उपरोक्त सम्बन्धमा स्थानीय तहहरुबाट आफ्नो क्षेत्र भित्रको जग्गा भू-उपयोग निर्धारण गर्ने सम्बन्धमा मन्त्रालयबाट जारी भएको प्रेश नोट आ-आफ्नो विभाग/कार्यालयको Website मा राखी प्रचार प्रसार कार्यमा सहयोग र सहजीकरण गर्नुहुन भनी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. ४२/१५७ मिति २०७९/०४/३१ को पत्रसाथ प्राप्त प्रेश नोट तहाँ कार्यालयको इमेल ठेगानामा पठाईएको छ । सबै स्थानीय तहहरुमा पठाई कार्यालयको website मा समेत राखि प्रचार प्रसार गर्नुहुन आदेशानुसार अनुरोध छ

Padam
2079.05.02
(पद्म बहादुर बस्नेत)
शाखा अधिकृत

**बोधार्थ:**

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
(योजना अनुगमन तथा मुल्याङ्कन महाशाखा,
नीति योजना तथा कार्यक्रम महाशाखा)
सिंहदरवार, काठमाण्डौं ।
श्री भू-सूचना प्रविधि शाखा
भूमि व्यवस्थापन तथा अभिलेख विभाग:- Website मा upload गरिदिनु दिनुहुन ।